| | | |
|---|---|---|
| २३ | बारा टाइम्स (काठमाडौं) | १) बैशाख २५ गते प्रकाशित सम्पादकीय २४ गते प्रकाशित दृष्टिबाट हुबहु प्रकाशित ।<br>२) बैशाख २५ गते पेज २ मा प्रकाशित 'चोरी शिकारी बढ्यो' शीर्षकको समाचार बैशाख २४ गतेको दृष्टिबाटै हुबहु प्रकाशित ।<br>३) यही समाचारलाई बीचबीचको अनुच्छेद छाडेर जेठ १ गतेको अंकको चौथो पेजमा फेरि प्रकाशन गरिएको छ ।<br>४) असार ४ गते प्रकाशित पेज ५ को ऋषिराज भट्टराईको लेख जेठ ३० को जनधारणा साप्ताहिकबाट हुबहु प्रकाशित ।<br>५) जेठ १ गते दोस्रो पेजमा प्रकाशित 'तराइमा अप्रेशन निरन्तर' शीर्षकको समाचार दृष्टि साप्ताहिकको बैशाख ३१ बाट हुबहु प्रकाशित ।<br>६) बैशाख २५ गते प्रकाशित पेज ४ को 'एउटा बलियो आत्मविश्वसले मलाई डोऱ्याइरहेको छ' शीर्षकको लेख जेठ ३० मा जनधारणा साप्ताहिकमा प्रकाशित लेखसँग हुबहु देखिन्छ । शीर्षक परिवर्तन । पछाडि प्रकाशित मिति हेर्दा) पत्रिकाबाट हुबहु देखिएकोले यो पत्रिका एकैपटक प्रकाशित गरेको देखिन्छ । भित्री पेजमा कुनै पनि अंकमा मिति उल्लेख गर्ने नगरेकोले पनि यो पुष्टि हुन्छ ।<br>७) बैशाख १८ गते प्रकाशित निमकान्त पाण्डेको लेख बैशाख २६ मा प्रकाशित (जनधारणा साप्ताहिकसँग) हुबहु ।<br>८) बैशाख २५ गते प्रकाशित ५ पेजको 'पत्रकार महासंघमा वामपन्थीको सर्मनाक हार' शीर्षकको समाचार २४ गतेको दृष्टि साप्ताहिकबाट हुबहु प्रकाशित ।<br>९) फागुन ८ गते प्रकाशित ६ पेजको 'बालबालिकाप्रतिको अंशवेदनशीलता' शीर्षकको समाचार माघ २३ मा बुधबार साप्ताहिकमा प्रकाशित समाचारबाट शीर्षक परिवर्तन गरी प्रकाशित ।<br>१०) फागुन २९ गतेको अंकमा पेजमा २ मा प्रकाशित सामग्री पेज ५ मा फेरि हुबहु प्रकाशित ।<br>११) २०६४ पुस ४, पुस ११, पुस १८, पुस २५ र चैत्र २७ को भित्री पृष्ठ (३ र ४ ) मा एउटै सामग्री हुबहु प्रकाशित ।<br>१२) चैत्र २० र मंसीर ५ मा भित्री पृष्ठ (३ र ४) मा एउटै सामाग्री हुबहु प्रकाशित ।<br>**नोट :**<br>१) २०६४ साउनदेखि कार्तिक मसान्तसम्म ४ पृष्ठ मात्रै भएको ।<br>२) भित्री पेजमा अधिकांश लेख रचनाहरु अन्य पत्रिकाबाट साभार गरिएको पाइन्छ । |